ठाकुरबाबा नगरपालिकाका प्रमुख श्री तिलकराम लम्सालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारको उपस्थितिमा बसी तपसिल बमोजिमको निर्णयहरु गरियो।

- आ. ब. २०८१।०८२ को बैठक सङ्ख्याः १५
- कुल बैठक संख्याः २४९
- यस कार्यकालको बैठक संख्याः ८३

मितिः २०८२।०२।११ गते आइतवार
स्थानः ठाकुरबाबा नगरपालिकाको सभा हल
समयः दिनको ०४:०० बजे

उपस्थितिः

| क्र. सं. | पदाधिकारीको नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री तिलक राम लम्साल | अध्यक्ष | [हस्ताक्षर] |
| २. | श्री विना कुमारी भट्टराई | सदस्य | [हस्ताक्षर] |
| ३. | श्री निमराज खनाल | सदस्य | [हस्ताक्षर] |
| ४. | श्री कमल प्रसाद चपाई | सदस्य | [हस्ताक्षर] |
| ५. | श्री श्रीकृष्ण थारु | सदस्य | [हस्ताक्षर] |
| ६. | श्री अमिन थारु | सदस्य | [हस्ताक्षर] |
| ७. | श्री शम्भु प्रसाद थारू | सदस्य | — |
| ८. | श्री जय प्रसाद पौडेल | सदस्य | [हस्ताक्षर] |
| ९. | श्री कलम बहादुर विष्ट | सदस्य | [हस्ताक्षर] |
| १०. | श्री टेक बहादुर बडुवाल सिजापति | सदस्य | — |
| ११. | श्री राधा चौधरी | सदस्य | — |
| १२. | श्री सरिता थारू | सदस्य | [हस्ताक्षर] |
| १३. | श्री राम रानी थारू | सदस्य | — |
| १४. | श्री सुस्मा खड्का | सदस्य | — |
| १५. | श्री रिता कुमारी चौधरी | सदस्य | [हस्ताक्षर] |
| १६. | श्री सावित्रा थापा | सदस्य | [हस्ताक्षर] |
| १७. | श्री मोहन सुनार | सदस्य | [हस्ताक्षर] |
| १८. | श्री शिव बहादुर बि. क. | सदस्य | [हस्ताक्षर] |
| १९. | श्री पुजा सुनार | सदस्य | [हस्ताक्षर] |
| २०. | श्री नारायण प्रसाद ढकाल | सचिव | [हस्ताक्षर] |

सहजीकरणः

| | | | |
|---|---|---|---|
| २१. | श्री अनन्त राज सुवेदी | प्रशासकीय अधिकृत | [हस्ताक्षर] |
| २२. | श्री धुर्वराज बम | प्र.कृ.प्र.अ | [हस्ताक्षर] |
| २३. | श्री जोगनसरा कान्याथि | प्र.वि.नि. | [हस्ताक्षर] |
| २४. | श्री सुनिल पोखरेल | सहायक (पाँचौं) | [हस्ताक्षर] |

विक्रम सम्वत् २०८२ साल जेठ ११ गते आइतवार दिनको ४:०० बजे नगर कार्यपालिकाको कार्यालयमा बसेको २४९ औं कार्यपालिका बैठकबाट भएका निर्णयहरू देहाय बमोजिम रहेका छन्।

**प्रस्तावहरू:**

१. बैठकको समीक्षा सम्बन्धमा।
२. जग्गाको नापजाँच सम्बन्धमा।
३. बाल विवाहमुक्त वडा घोषणा सम्बन्धमा।
४. भूमिसुधार तथा मालपोत कार्यालयलाई सहयोग गर्ने सम्बन्धमा।
५. अपुग बजेट व्यवस्थापन गरी मर्मत गर्ने सम्बन्धमा।
६. "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नवीकरण सम्बन्धमा।
७. बिक्री प्रवर्धनमा आधारित अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा।
८. मिनी टिलर वितरण सम्बन्धमा।
९. योजना संशोधन सम्बन्धमा।
१०. स्वच्छ चुलो कार्यक्रमका लागि लागत साझेदारी सम्बन्धमा।
११. बर्दिया गैंडा क्याम्पको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८१ स्वीकृति सम्बन्धमा।
१२. रकम भुक्तानी सम्बन्धमा।
१३. अपुग बजेट व्यवस्थापन गरी माटो पटानी गर्ने सम्बन्धमा।
१४. पूर्ण खोपयुक्त नगरपालिका घोषणा सम्बन्धमा।

**निर्णयहरु:**

१. ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको यस अघि बसेको बैठकले गरेका निर्णयहरूको कार्यान्वयनको अवस्था तपसिल बमोजिम रहेको पाइयो।

**तपसिल:**

| क्र. सं. | प्रस्तावहरु | कार्यान्वयनको अवस्था | | | कैफियत |
|---|---|---|---|---|---|
| | | भएको | नभएको | प्रक्रियामा रहेको | |
| १ | वैदेशिक भ्रमण स्वीकृतिका लागि सिफारिस गर्ने सम्बन्धमा | ✓ | | | सिफारिस गरिएको तर भ्रमण स्वीकृत नभएको |
| २ | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नामसारी सम्बन्धमा | ✓ | | | "घ" वर्ग निर्माण व्यवसायी इजाजतपत्रको नामसारी गरिएको |
| ३ | जिल्ला अदालतलाई सहयोग गर्ने सम्बन्धमा | | | ✓ | फर्निचर खरिद गरी हस्तान्तरण गर्ने क्रममा रहेको |
| ४ | नेपाल आर्मीलाई डस्टबिन सहयोग गर्ने सम्बन्धमा | | | ✓ | डस्टबिन खरिद गरी हस्तान्तरण गर्ने क्रममा रहेको |
| ५ | नेपाल प्रहरीलाई सवारी साधन व्यवस्थापन गर्ने सम्बन्धमा | | | ✓ | सवारी साधन हस्तान्तरण गर्ने प्रक्रियामा रहेको |
| ६ | वडा नं. ५ को जग्गा नापजाँच सम्बन्धमा | ✓ | | | नापजाँच प्रक्रिया अगाडि बढेको |
| ७ | स्रोत सुनिश्चितता तथा ठेक्का व्यवस्थापन सम्बन्धमा | ✓ | | | खरिद प्रक्रिया अगाडि बढेको |
| ८ | सम्झौता गरी पेश्की रकम उपलब्ध गराउने सम्बन्धमा | ✓ | | | सम्झौता गरी पेश्की रकम उपलब्ध गराइएको |
| ९ | सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सम्बन्धमा | ✓ | | | करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराइएको |

२. ठाकुरबाबा नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको लगत सङ्कलन तथा प्रमाणीकरण गरी मिति २०७९।१२।१० गते बसेको नगर कार्यपालिकाको १९७ औं बैठकको निर्णय सहित जिल्ला समितिमा पेश गरिसकेकोले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत सङ्कलन सम्बन्धी कार्यविधि, २०८१ को दफा १३ मा गरिएको व्यवस्था बमोजिम यस नगरपालिका अन्तर्गतका तपसिल बमोजिमका वडाहरुको तपसिल बमोजिमका बस्ती/टोलमा जग्गा नापजाँचको कार्य तत्काल अगाडि बढाइदिनका लागि भूमि समस्या समाधान आयोग, जिल्ला समिति बर्दियालाई अनुरोध गर्ने निर्णय गरियो।

<u>तपसिल:</u>

| क. सं. | वडा नं. | नापजाँच गर्नुपर्ने बस्ती/टोल |
|---|---|---|
| १ | ४ | खैलार, सैनबार र बगनाहा |
| २ | ३ | गिदरपुर, गोदाना, जुडपानी, नेउँलापुर, कन्चनपुर, चटकपुर, बखतपुर, मानपुर र मिर्चैया |
| ३ | १ | अल्कापुरी, टौंडीपुर, डुम्रेनी, सिमलपुर, सिम्रहवाफाँटा, सिंहबाहिनी, खोदाउ, विकास नगर, शिवनगर र भुरिगाउँ |
| ४ | २ | आम्बासा, कर्मला, तिनधरुवा, प्रतापपुर, बलाती, रानीपुर, अम्रेनी, पेरहनी र सतधरुवा |
| ५ | ६ | तुल्सीपुर, मनिकापुर, मोतीपुर, लङ्कापुर, बकुवा, लठुवा र बनखेत |
| ६ | ७ | कानपुर, बठनपुर, मोहनपुर, शिवपुर, सनिगाउँ, सुन्दरपुर, कालीगौंडी, मुक्तिपुर र भदेली |
| ७ | ८ | चिट्कैया, मढेला, सुखाड, सुतैया, गोब्रेला, भुड्कैया, मदनपुर र हसनापुर |
| ८ | ९ | कल्याणपुर, ठाकुरद्वारा, बन्द्रहवा, बेतहनी, शिवपुर, हात्तीसार, बुड्कौवा, खुसलपुर, गिदरझारी, बन्तरिया र बानुगाउँ |

३. दिगो विकासको लक्ष्य (सन् २०१६-२०३०), बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ लगायतका सन्धि, र राष्ट्रिय तथा प्रादेशिक लक्ष्यहरु पूरा गर्नका लागि ठाकुरबाबा नगरपालिकाले तर्जुमा गरेको "ठाकुरबाबा नगरपालिकाको बाल विवाह विरुद्धको रणनीतिक योजना, २०७९" र "बाल विवाहमुक्त अभियान सञ्चालन निर्देशिका, २०७९" बमोजिम ठाकुरबाबा नगरपालिकालाई बाल विवाहमुक्त नगरपालिका घोषणा गर्नका लागि प्लान इन्टरनेसनल नेपाल, भेरी वातावरणीय विशिष्टता समूह (बी-ग्रुप) र राधाकृष्ण थारु जनसेवा केन्द्रसँगको साझेदारीमा तथ्याङ्क सङ्कलन गरी विश्लेषण गर्दा वडा नं. ३ र ६ मा बाल विवाहको दर १५ प्रतिशत भन्दा कम रहेको देखिएको, "बाल विवाहमुक्त अभियान सञ्चालन निर्देशिका, २०७९" को दफा ८ मा व्यवस्था गरिएको अनुगमन तथा मूल्याङ्कन कार्यदलले अनुगमन गरी प्रतिवेदन पेश गरेको र नगरस्तरीय बाल अधिकार समितिले समेत सिफारिस गरेको हुँदा "बाल विवाहमुक्त अभियान सञ्चालन निर्देशिका, २०७९" को दफा ७ मा गरिएको व्यवस्था बमोजिम ठाकुरबाबा नगरपालिकाका वडा नं. ३ र ६ लाई बाल विवाहमुक्त वडा घोषणा गर्ने निर्णय गरियो।

४. भूमिसुधार तथा मालपोत कार्यालय, गुलरिया बर्दियाको च. नं. ११०९४, मिति २०८२।०२।०८ गतेको पत्रानुसार उक्त कार्यालयमा तामेली लिखत वेडिङ्ग गरिएको, कार्यालय व्यवस्थापन तथा सञ्चालन खर्चमा बजेट अपुग भई स्थानीय तहहरुसँग आर्थिक सहयोगको अपेक्षा राखिएको तर एउटै स्थानीय तहसँग मात्र आर्थिक सहयोग माग्दा आर्थिक भार बढी पर्ने भएकोले उक्त कार्यमा खर्च भएको कुल रकम रु. २,५९,३३५।- मध्ये

आधा बील रकम भुक्तानी गरिदिनका लागि अनुरोध भई आएको हुँदा ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत "अन्य सामाजिक सहायता" शीर्षकमा विनियोजित बजेटबाट श्री ओम शान्ति अफसेट, गुलरिया बर्दियालाई रु. १,३०,०००।- (अक्षरुपी एक लाख तीस हजार) मात्र भुक्तानी दिन निर्देशन दिने निर्णय गरियो।

५. ठाकुरबाबा नगरपालिका वडा नं. ८, चिट्कैयामा रहेको कल्भर्ट वर्षाको पानीले निरन्तर माटो तथा तटबन्धन कटान गर्दा जोखिममा रहेको र तत्काल उक्त तटबन्धन मर्मत नगरेमा वर्षाद्को समयमा कल्भर्ट नै भत्कन गई आवागमन नै अवरुद्ध हुन सक्ने भएकोले तत्काल तटबन्धन मर्मत गर्नुपर्ने, ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा वडास्तर, वडा नं. ८ अन्तर्गत "बाँध निर्माण सुधार" शीर्षकमा विनियोजित बजेटबाट तटबन्धन मर्मत गर्नका लागि लागत अनुमान तयार गर्दा रु. १,००,०००।- (अक्षरुपी एक लाख) बजेट अपुग भएको हुँदा अपुग हुन आउने बजेट "विपद् व्यवस्थापन कोष" शीर्षकमा विनियोजित बजेटबाट भुक्तानी दिने गरी योजना कार्यान्वयन गर्नका लागि निर्देशन दिने निर्णय गरियो।

६. "ठाकुरबाबा नगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ (तेस्रो संशोधन, २०७९ सहित)" को दफा २ बमोजिम इजाजतपत्र जारी भएको तपसिल बमोजिमको फर्म दफा ३ बमोजिम तोकिएको समयभित्र विविध कारणले नवीकरण हुन नसकेको भनी निवेदन प्राप्त भएकोले ठाकुरबाबा नगरपालिकाको आर्थिक ऐन, २०८१ ले तोकेको दस्तुर तथा जरिवाना समेत लिई नवीकरण गरिदिनका लागि निर्देशन दिने निर्णय गरियो।

तपसिल:

| क. सं. | फर्मको नाम | फर्मको ठेगाना | प्रोपाइटरको नाम | कैफियत |
|---|---|---|---|---|
| १ | स्वामी कार्तिक खापर मष्टा निर्माण सेवा | ठाकुरबाबा-९ | प्रेम बहादुर कठायत | नवीकरण |

७. कृषकहरुले उत्पादन गरेको कृषि तथा पशुजन्य उत्पादनहरू बिक्री गर्न उत्प्रेरित गर्ने तथा बिक्रीको आधारमा आर्थिक सहयोग गर्दै कृषि तथा पशुपालन पेशामा आकर्षण बढाउने उद्देश्यले संस्थागत रूपमा कृषि तथा पशुजन्य उपज बिक्री गर्ने कृषि फर्म/कृषक समूह/सहकारी संघसंस्थाहरूलाई संगठित बजारमा गुणस्तरीय कृषि तथा पशुजन्य उपजहरूको बिक्रीको आधारमा अनुदान उपलब्ध गराउन तथा निर्यातमुखी कृषिलाई प्रवर्द्धन गर्न आवश्यक भएकोले ठाकुरबाबा नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८१ को दफा ७४ को उपदफा (१) को खण्ड (न) ले दिएको अधिकार प्रयोग गरी "ठाकुरबाबा नगरपालिकाको बिक्री प्रवर्द्धनमा आधारित अनुदान कार्यक्रम सञ्चालन तथा कार्यान्वयन कार्यविधि, २०८२" पारित गरी लागू गर्ने निर्णय गरियो।

८. यस नगरपालिकाका कृषक एवं कृषक समूहहरुबाट साना कृषि यन्त्र उपकरणअन्तर्गत पर्ने मिनी टिलर विगत दुई आर्थिक वर्षदेखि माग भई रहेकोमा गत आर्थिक वर्षमा कृषि यान्त्रीकरण खरिद तथा जडान शीर्षकमा रु. ५८,२२,०००।- (अक्षरुपी अन्ठाउन्न लाख बाइस हजार) बजेट विनियोजन गरिएको तर प्राविधिक स्पेसिफिकेसन तयार गरी खरिदका लागि बोलपत्र (बोलपत्र नं. TBM/G/NCB-45/080/081) आह्वान भएकोमा बोलपत्रदाताहरुबाट पेश भएका प्रस्तावहरु स्पेसिफिकेसन नपुगेको कारणले असफल भई खरिद

प्रक्रिया स्थगित गरी यस आर्थिक वर्षमा दायित्व सारिएको थियो। यस आर्थिक वर्षमा इच्छुक कृषक तथा कृषक समूहहरूबाट आवेदन सङ्कलन गर्नका लागि मिति २०८१।०९।१६ गते सूचना प्रकाशन गर्दा २२० वटा आवेदन प्राप्त भएको जसमा २७५ वटा ९ हर्स पावरको मिनी टिलरको माग भएको, बोलपत्र (बोलपत्र नं. TBM/G/NCB-45/080/081) आह्वान गर्दा अन्तिम मिति २०८२।०२।१२ गतेसम्म कुनै पनि बोलपत्र नपरेको तथा पुन: खरिद प्रक्रिया अगाडि बढाउँदा खेतीपाती गर्ने समय घर्किने भएकोले बोलपत्रको प्रक्रिया स्थगित गरी ठाकुरबाबा नगरपालिकाको कृषि तथा पशुपन्छी ऐन, २०८१ को दफा ३१ को उपदफा (४) र (५) मा गरिएको व्यवस्था बमोजिम तयार भएको प्राविधिक स्पेसिफिकेसन फरक नपर्ने गरी ९ हर्स पावरको मिनी टिलर कृषक वा कृषक समूह मार्फत खरिद गरी प्राविधिक प्रतिवेदन, बील, फोटो आदिको आधारमा लागत अनुमान (रु. ६०,०००।-) को ५० प्रतिशतले हुन आउने रकम रु. ३०,०००।- (अक्षरुपी तीस हजार मात्र) नगरपालिकाले अनुदानस्वरुप कृषक वा कृषक समूहलाई उपलब्ध गराउने निर्णय गरियो।

९. "ठाकुरबाबा नगरपालिकाको विनियोजन ऐन, २०८१" मा उल्लेखित तथा आ. व. २०८१।०८२ मा सञ्चालन गर्ने गरी तय गरिएको तपसिल बमोजिमको कार्यक्रम संशोधन गरी कार्यान्वयन गर्नुपर्ने भएकोले तपसिल बमोजिम संशोधन गरी कार्यान्वयन गर्ने र स्वीकृतिका लागि आगामी नगर सभा अधिवेशनमा पेश गर्ने निर्णय गरियो।

तपसिल:

| क्र. सं. | शाखा/वडा र सि. नं. | कार्यक्रमको नाम | विनियोजित बजेट (रु.) | संशोधित कार्यक्रमको नाम | बजेट (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | वडास्तर, वडा नं. १ (सि. नं. ३ र ४) | विभिन्न टोलहरुमा विधुत मर्मत सुधार | ३,००,००० | वडाका विभिन्न टोलहरुमा ह्युम पाइप खरिद | ३,००,००० | वडा समितिको निर्णय सहित सिफारिस भई आएकोले |
| २ | वडास्तर, वडा नं. ८ (सि. नं. ११ र १२) | सीपमूलक (लक्षित वर्ग) | ६०,००० | कृषि विधुतीय मोटर खरिद | ६०,००० | |
| ३ | वडास्तर, वडा नं. ६ (सि. नं. ११ र १२) | बकुवा विजय चर्च व्यवस्थापन | ५०,००० | बाल विवाहमुक्त वडा घोषणा कार्यक्रम | १५,००० | |
| ४ | वडास्तर, वडा नं. ६ (सि. नं. ५ र ६) | प्रहरी चौकी विधुत महसुल, ईन्धन, मर्मत मासिक | ६०,००० | प्रहरी चौकी विधुत महसुल इन्धन खर्च | १५,००० | |

१०. यस नगरपालिका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबीच भएको सम्झौता बमोजिम स्वच्छ चुलो कार्यक्रम कार्यान्वयनका लागि यस नगरपालिका क्षेत्रमा बसोवास गर्ने स्थानीयबासीहरुलाई अनुदानमा विधुतीय चुल्हो, तथा सुधारिएको चुल्हो वितरण र घरायसी बायोग्याँस प्लान्ट निर्माण गर्न यस आ. व. २०८१।०८२ को लागि नगरपालिकाबाट साझेदारी हुने रकम साझेदारीको प्रतिवद्धता सहित माग पत्र पठाउनुपर्ने भएकोले नगरपालिकाको तर्फबाट साझेदारी गर्नुपर्ने रकम "समपूरक/जोड कोष" शीर्षकबाट लागत साझेदारी व्यहोर्ने प्रतिवद्धता सहित कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो।

११. ठाकुरबाबा नगरपालिका वडा नं. ९, बेतहनीमा सञ्चालित वर्दिया गैंडा क्याम्पमा थप पूर्वाधार निर्माण गरी सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षण गर्नका लागि स्वीकृत भएको कार्यशर्त (ToR) बमोजिम परामर्शदाता श्री मुभिङ्ग माउण्टेन प्रा. लि., काठमाडौंद्वारा तयार पारी वर्दिया गैंडा क्याम्प, ठाकुरबाबा-९, बेतहनीले पेश गरेको "वर्दिया गैंडा क्याम्पद्वारा रिसोर्ट सञ्चालन गर्न तयार पारिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८२" "ठाकुरबाबा नगरपालिकाको प्रारम्भिक वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७" को दफा ७ को उपदफा ४ बमोजिम स्वीकृत गर्दै प्रतिवेदनले सिफारिस गरेका सुझावहरु कार्यान्वयन गरी रिसोर्ट सञ्चालन गर्न निर्देशन दिने निर्णय गरियो।

१२. यस नगरपालिकामा रहेका द्वन्द्वपीडित परिवारहरुको सुझाव बमोजिम नगरस्तरीय द्वन्द्वपीडित सञ्जालमा आबद्ध तथा द्वन्द्वपीडित परिवारका व्यक्तिहरु अवलोकन भ्रमणका लागि स्वर्गद्वारी, प्युठानसम्म गएर आएको र सो कार्यमा गाडी भाडावापत खर्च भएको रकम भुक्तानी दिनका लागि समितिवाट निवेदन प्राप्त भएको हुँदा ठाकुरबाबा नगरपालिकाको आ. व. २०८१।०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअन्तर्गत महिला, बालबालिका तथा समाज कल्याण शाखाअन्तर्गत "संयुक्त राष्ट्रसङ्घ सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० कार्यान्वयन सम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना कार्यान्वयन" शीर्षकमा विनियोजित बजेट रु. २,००,०००।- (अक्षरुपी दुई लाख) बाट रु. ५५,६००।- (अक्षरुपी पचपन्न हजार छ सय रुपैयाँ) विनियोजन गरी नियमानुसार करकट्टी गरी भुक्तानी दिनका लागि निर्देशन दिने निर्णय गरियो।

१३. ठाकुरबाबा नगरपालिका वडा नं. ३, बगनाहास्थित हाल हाट बजार लाग्ने सार्वजनिक जग्गामा सार्वजनिक शौचालय निर्माण गर्नका लागि खरिद प्रक्रिया अगाडि बढाई हाल कार्य सञ्चालन भई रहेको, उक्त सार्वजनिक जग्गाको नापी कार्यालयबाट आएका प्राविधिकमार्फत नापजाँच गरी सिमाना एकीन गर्दा थप जग्गा समेत प्राप्त भएको तर उक्त जग्गा संरक्षण गर्न तथा प्रयोगमा ल्याउनका लागि तत्काल माटो पटानी गर्नुपर्ने तर उक्त कार्यको लागि स्रोत सुनिश्चित नगरिएको र लागत अनुमान तयार पार्दा रु. ४,४७,३१९।४४ रुपैयाँको आएको हुँदा "समपूरक जोड कोष" शीर्षकमा विनियोजित बजेटबाट खर्च लेखाङ्कन गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो।

१४. ठाकुरबाबा नगरपालिकाको वडा नं १ देखि वडा नं ९ सम्मका १६ महिना देखि ५९ महिनासम्मका सम्पूर्ण बालबालिकाहरुको स्वास्थ्यकर्मीद्वारा घर घरमा गई घरधुरी सर्वेक्षण गरी खोप लगाउन छुट भएका बालबालिकाहरु खोजी गर्न "खोज र खोप" भन्ने अभियान सञ्चालन गरी कार्य सम्पन्न भएको र कुनै पनि बालबालिका खोप लगाउनबाट वञ्चित नरहेको तथ्याङ्क साथै वडास्तरीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिको निर्णय समेत प्राप्त भएको र नगरपालिकास्तरबाट समेत RCS लगायत अन्य सम्पूर्ण कार्य गरी सकिएकोले पूर्ण खोपयुक्त नगरपालिका भेरिफिकेसन गरी घोषणा गरिदिनुहुन जिल्ला खोप समन्वय समिति, बर्दियालाई अनुरोध गर्ने निर्णय गरियो। साथै खोपसम्बन्धी वडास्तरीय तथ्याङ्क तपसिल बमोजिम रहेको छ।

प्रमुख प्रशासकीय अधिकृत